# खप्तड छेडेदह गाउँपालिका आर्थिक ऐन, २०७८

स्थानीय राजपत्र भाग -१
खण्ड : १ संख्या : ०१ मिति: २०७८/३/३१

खप्तड छेडेदह गाउँपालिका,डोगडी बाजुरा

# खप्तड छेडेदह गाउँपालिका आर्थिक ऐन, २०७८

गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने,छुट दिने,तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले ,नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम खप्तड छेडेदह गाउँपालिकाको आर्थिक ऐन,२०७८ रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

**२. सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति/घर जग्गा कर लगाइने र असुल उपर गराइने छ।

**३.भुमि कर (मालपोत)** : गाउँपालिकाको क्षेत्रभित्र अनुसुचि (२) बमोजिम भुमिकर (मालपोत ) लगाइने र असुल उपर गरिनेछ।

**४. घर जग्गा बहाल कर :** गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज,गोदाम,टहरा,छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गरिनेछ।

**५.व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

**६.सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुचि (५) बमोजिम सवारी साधन कर लगाइने छ र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**७.विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसुचि (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८.मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय क्षेत्रमा अनुसुचि (७) बमोजिम कर लगाइने र असुल उपर गरिने छ।

**९.पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सेवा उपलब्ध गराए वापत अनुसुचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१०. सेवा शुल्क र सिफारिस दस्तुर :** सेवा शुल्क तथा सिफारिस दस्तुर अनुसुचि (९) बमोजिम कर लगाइने र असुल उपर गरिने छ।

**११.सम्पत्ति मूल्यांकन दस्तुर** :गाउँपालिका क्षेत्र भित्र सम्पत्ति मूल्यांकन दस्तुर मूल्यांकन गरि अनुसुचि (१०) बमोजिम कर लगाइने र असुल उपर गरिने छ।

**१२. घर निर्माण नक्सा पास दस्तुरः**गाउँपालिका क्षेत्र भित्र घर निर्माण नक्सा पास दस्तुर (अनुसूची ११) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ।

**१३. चार किल्ला प्रमाणित दस्तुरः** गाउँपालिका क्षेत्र भित्र चार किल्ला प्रमाणित दस्तुर (अनुसूची १२) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ।

**१४. निवेदन दस्तुरः**गाउँपालिकामा कर,दस्तुर,महसुल आदि बुझाएको भनि लिएको प्रमाणपत्रहरु आदि हराएमा (अनुसूची १३) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ।

**१५. सरसफाई शुल्क** :गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले सरसफाई गर्नुपर्ने भएमा (अनुसूची १४) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ

**१६. भाडा** :गाउँपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे बापत प्रति दिन दस्तुर (अनुसूची १५) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

**१७. सार्वजनिक शौचालय दस्तुर** : गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेको सार्वजनिक शौचालय दस्तुर (अनुसूची १६) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

१८. **विद्युत/टेलिफोन पोल कर**: गाउँपालिका क्षेत्र भित्र नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले विद्युत र टेलिफोन प्रसारणको लागि गाडिएको पोलको केन्द्रिय प्रसारण दस्तुर (अनुसूची १७) मा उल्लेख भए बमोजिम हुनेछ ।

**१९. जडिबुटी,कवाडि तथा जिवजन्तु कर** : गाउँपालिकाको आन्तरिक स्रोतलाई व्यवस्थित गर्ने सन्दर्भमा आन्तरिक स्रोत व्यवस्थापन अध्ययनका आधारमा खप्तड छेडेदह गाउँपालिका स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णय बमोजिम दस्तुर (अनुसूची १८) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

**२०. व्यवसाय दर्ता शुल्क:** गाउँपालिका क्षेत्र भित्र संचालन हुने व्यवसाय दर्ता दस्तुर (अनुसूची १९) मा उल्लेखित सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

**२१. व्यवसाय नविकरण शुल्क:** गाउँपालिका क्षेत्र भित्र संचालन भएका व्यवसाय नविकरणको लागि दस्तुर(अनुसूची २०) मा उल्लेखित सेवामा सेवाग्राहीवाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

**२२ नदिजन्य पदार्थ रोयल्टी:** गाउँपालिका क्षेत्र भित्र भएका नदिजन्य पदार्थ को लागि दस्तुर रोयल्टी प्रदेशको आर्थिक विधेयक २०७८, अनुसार (अनुसूची २१) मा उल्लेखित सेवामा सेवाग्राहीवाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

**२३. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

२४. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसुचि (१)**

(दफा २ संग सम्बन्धित)

एकिकृत सम्पति कर

यस गाउँपालिकावाट स्थानीय सरकार सचालन ऐन २०७४ र एकिकृत सम्पत्ति कर सम्बन्धमा एकिकृत सम्पत्ति कर व्यवस्थापन निर्देशिका २०६१ वमोजिम निर्धारण गरिएको न्युनतम दरमा नघट्ने गरी स्वयमकर निर्धारणको आधारमा मुल्यांकन गरी साविक वमोजिम एकिकृत सम्पतिकर लिने । एकिकृत सम्पतिकर : यस गाउपालिकाले नया संघिय कानुन नवने सम्मका लागी देहाय वमोजिम घर जग्गा सम्पती सम्वन्धी करको दर देहाय वमोजिमको उठाउन सक्ने छ ।

| क.स. | विवरण | शुल्क (वार्षिक) |
|---|---|---|
| १ | ३० लाख देखि माथी | २०००।०० |
| २ | १५ देखी ३० लाख सम्म | १०००।०० |
| ३ | १० देखी १५ लाख सम्म | ७५०।०० |
| ४ | ५ देखि १० लाख सम्म | ५००।०० |
| ५ | १ देखि ५ लाख सम्म | २५०।०० |

**अनुसुचि (२)**

(दफा ३ संग सम्बन्धित)

**भूमि कर (मालपोत)**

अर्को कानून नबनेसम्म मालपोत कर प्रति वर्ग मिटर रू. ०.०५ को दरले आर्थिक वर्षको समाप्तीको १५ दिन अगावै असुल गरिनेछ । सो समय अवधि भित्र मालपोत कर दाखिला नगर्ने करदाताको हकमा ३५ प्रतिशत थप विलम्व शुल्क असुल गरिनेछ ।

**अनुसुचि (३)**

(दफा ४ संग सम्वन्धित)

**घरवहाल कर**

गाउपालिकाले आफनो क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएमा सम्वन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहालकर लिनेछ ।

**अनुसुचि (४)**

(दफा ५ संग सम्वन्धित)

**व्यवसाय कर**

व्यवसाय कर वार्षिक रुपमा निम्नानुसार असुल गरिनेछ ।

| सि.नं | विवरण | श्रेणी वगिर्क रण | | |
|---|---|---|---|---|
| | | क(रू) | ख(रू) | ग(रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा वढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>• रेष्टुरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. २०००।०० | ६०० | ४०० | २०० |
| २ | मासू पसल<br>• रांगाको समेत सवै पक ारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (क)<br>• रांगा वाहेक खसी वोका सहितको मासू बेच्नेलाई (ख)<br>• रांगा खसी, वोका वाहेकको मासू मात्र बेच्ने लाई (ग) | ६०० | ४०० | २०० |
| ३ | कोल्ड्रिक्स पसल | १०० | | |
| ४ | सून चांदी गहना पसल<br>• आफनै सून चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरूको सून चांदी लिई वनाउनेलाई (ख) | ८०० | ५५० | |
| ५ | रेडियो/मोवाईल विक्री तथा मर्मत | ५०० | | |
| ६ | संचार सेवा | २५० | | |
| ७ | घडि विक्री तथा मर्मत | २०० | | |



गाउँपालिका अध्यक्ष

कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| ८ | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | ५००<br>५० | २०० | |
| ९ | हजाम | १०० | | |
| १० | टेलरिंग | ३०० | १५० | |
| ११ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | १००० | ५०० | २०० |
| १२ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १००० | ७०० | |
| १३ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | १००० | ८०० | ५०० |
| १४ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | १००० | | |
| १५ | मेटल वर्कशप | २४०० | १५०० | |
| १६ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झ्यालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | ५००। | | |
| १७ | कम्प्युटर ईन्स्टिच्युट | २०० | | |
| १८ | दाउरा डिपो | | | |

नरबहादुर रावत
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १९ | पान पसल | ५०।०० | | |
| २० | बेकरी उद्योग र बेकरी पसल<br>□उद्योगलाई (क) □पसललाई (ख) | १००० | ८०० | |
| २१ | तरकारी र फलफूल पसल | ५०० | | |
| २२ | चिया पसल | ३०० | | |
| २३ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | ८००० | ४००० | |
| २४ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रू.१,२००।०० | ५००० | ३००० | २००० |
| २५ | कपडा पसल | १००० | | |
| २६ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | १५०० | ५०० | ३०० |
| २७ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | ५०० | २०० | |
| २८ | भाडां पसल<br>• धातू तथा प्लाष्टिकका भाँडा तथा सामान बेच्नेलाई (क)<br>• बाजुरा जिल्लामा उत्पादन भएको माटोको भाडाँ वाहेक अन्यत्रवाट ल्याएर विक्री गर्ने माँटोको भाँडा तथा सामान बेच्नेलाई (ख) | ४०० | २०० | |
| २९ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | ५०० | ३०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३० | कूखुरा पालन<br>• एकहजार भन्दा बढी कूखुरा पाल्नेलाई (क)<br>• एकहजार भन्दा कम कूखुरा पाल्नेलाई (ख) | १००० | ६०० | |
| ३१ | जूत्ता पसल | २०० | | |
| ३२ | दन्त क्लिनिक | २०० | | |
| ३३ | हार्डवेयर पसल | ८०० | | |
| ३४ | ईलेक्ट्रिक पसल | ७०० | | |
| ३५ | कानूनी फर्म | ५०० | | |
| ३६ | साईन वोर्ड पेन्टीङ्ग | २०० | | |
| ३७ | फर्निचर एण्ड फर्निसिंग पसल | १००० | | |
| ३८ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | ५०० | ३०० | |
| ३९ | जडीवूटी खरिद विक्री पसल | १५०० | | |
| ४० | लेखापरीक्षक | ५०० | | |
| ४१ | टेलिभिजन पसल | १००० | | |
| ४२ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाइ (ग) | ५००० | २००० | १२०० |
| ४३ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ४४ | पशू वधूशाला | १००० | | |
| ४५ | अन्तराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | ५००० | | |
| ५६ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक (क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | ५००० | २००० | १००० |
| ४७ | नीजि स्कुल | १००० | | |

| | | | | |
|---|---|---|---|---|
| ४८ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | १००० | ५०० | |
| ४९ | चस्मा पसल | ५०० | | |
| ५० | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | ५०० | | |
| ५१ | रेफ्रिजेरेटर मर्मत | ५०० | | |
| ५२ | दूग्ध डिपो/पसल | ५०० | | |
| ५३ | व्यूटि पार्लर | ५०० | | |
| ५४ | सप्लायर्स | १००० | | |
| ५५ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | ५००० | | |
| ५६ | जग्गा विकास/हाउजिंङ्ग | ५००० | | |
| ५७ | म्यानपावर सेवा | १५०० | | |
| ५८ | क्याटरिङ्ग सेवा | १००० | | |
| ५९ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | १००० | | |
| ६० | मार्वल / टायर पसल | १००० | | |
| ६१ | सवारी साधनको शोरूम<br>• गाडीको शोरूम (क)<br>• मोटर साईकलको शोरूम (ख)<br>• ट्याक्टर तथा अन्य मेशिनरीको शोरूम (ग) | ५००० | ३००० | २००० |
| ६२ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय,सेवा आदीहरूमा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को अनूसूची १० को दफा १९ मा तोकिएको हद भित्र रहेर कर असूली गर्ने । | | | |
| ६३ | कृषि सामग्रीको पसल / भेटनरी सम्बन्धी पसल | ५०० | | |
| ६४ | आईस क्रिम पसल | ३०० | | |
| ६५ | दाना उद्योग | १००० | | |
| ६६ | तार जाली वनाउने उद्योग | १००० | | |
| ६७ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) | ५०० | | |
| ६८ | नीजि कलेज | ५००० | | |
| ६९ | ब्लक उद्योग | १५०० | | |
| ७० | मिनरल वाटर उद्योग | २००० | | |

| | | | | |
|---|---|---|---|---|
| ७१ | ग्यास डिपो | ७०० | | |
| ७२ | कोल्ड स्टोर (शितभण्डार) | १००० | | |

नोट :

१)डिलर, एजेन्ट, डिपो, सब डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवसाय गरेको छ भने सबै आईटम मध्ये कुनै एकको मात्र कर लिइनेछ तर यस्मा सबै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ ।

२) म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पुर्ण व्यवसायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसायकर असूल गरिनेछ ।

३) व्यवसाय नविकरण गर्ने म्याद प्रत्येक आर्थिक बर्ष सुरु भए पश्चात पहिलो ३ महिना श्रावण, भाद्र र आश्विन महिना सम्म रहने छ । उक्त समय भित्रमा व्यवसाय नविकरण नगरेमा प्रतिमहिना १० प्रतिशत जरिवाना लाग्ने छ र चैत्र महिना सम्म पनि नविकरण नभएमा दर्ता खारेज गरिनेछ ।

**अनुसुचि (५)**

(दफा ६ संग सम्वन्धित)

**सवारी साधन कर** (वार्षिक)

अर्को कानुन नबनेसम्मको लागि स्थानिय तहको अधिकार सुचि अन्तर्गतको विषयमा सवारी साधन दर्ता दस्तुर रू. १,०००। हुनेछ र वार्षिक नविकरण शुल्क रू. ३००। असुल गरिनेछ ।

**अनुसुचि (६)**

(दफा ७ संग सम्बन्धित)

विज्ञापन कर

विज्ञापन कर विज्ञापनको प्रकृति हेरि विंज्ञापन कर्ता र गाउपालिकाको सम्झौता बमोजिम सम्झौता पत्रमा उल्लेखित शर्तबोजिम हुनेछ ।

**अनुसुचि (७)**

(दफा ८ संग सम्बन्धित)मनोरञ्जन कर

मनोरञ्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जनकर शुल्क लिने ।

**अनुसुचि (८)**

(दफा ९ संग सम्वंन्धित)

पार्किङ्ग शूल्क

पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु.५०।०० पार्किङ्ग शूल्क लिईने छ ।

(ख)कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था वाहेक गाँउपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदी स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु.५।०० पार्किङ्ग शूल्क लिने छ । यस्तो शूल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जानेछ ।

गाउँपालिका अध्यक्ष

**अनुसुचि (९)**
(दफा १० संग सम्बन्धित)
**सेवा शुल्क तथा सिफारिस दस्तूर**

गाउँपालिकावाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रू. |
|---|---|---|
| १ | **नाता प्रमाणित सिफारिस /घर कायम सिफारिस** | २००।०० |
| २ | जग्गा / मोही नामसारी / जग्गा दर्ता / गुठी / रैकर आदि | २००।०० |
| ३ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | जम्मा रकमको ०.२ प्रतिशतका दरले |
| ३ | अग्रेजी सिफारिस | ५००।०० |
| ४ | **नागरिकता सिफारिस** | १५०।०० |
| ५ | मिलापत्र दस्तुर / उजुरी दस्तुर | १००।०० |
| ६ | सामान्य सिफारिस | १००।०० |
| ७ | नाम थर र उमेर संशोधन सिफारिस | १००।०० |
| ८ | संस्था दर्ता सिफारिस | ५००।०० |
| ९ | सिनेमा हल खोल्ने सिफारिस | ५०००।०० |
| १० | पेन्सन पट्टा सिफारिस<br>नेपाल<br>भारत<br>अन्य | <br>१००।००<br>२००।००<br>५००।०० |
| ११ | अपुताली सिफारिस | १००।०० |
| १२ | **मेला र्सकस अनुमती** | १०००।०० |
| १३ | व्यवसाय दर्ता सिफारिस | ३००।०० |
| १४ | **खाता सञ्चालन सिफारिस** | २५०।०० |
| १५ | खाता बन्द सिफारिस | १५०।०० |

| | | |
|---|---|---|
| १६ | व्यवसाय बन्द सिफारिस | ३००।०० |
| १७ | **विद्यालय कक्षा थप सिफारिस**<br>आधारभुत तह<br>माध्यमिक तह | <br>रू.१०००।००<br>रू.१५००।०० |
| १८ | **उद्योग ठाउसारी सिफारिस** | ५००।०० |
| १९ | विवाहित र अविवाहित प्रमाणीत | १००। |
| पञ्जीकरण सम्वन्धमा ३५ दिन भित्रमा घट्ना दर्ता भए कुनै पनि शुल्क नलाग्ने ३५ दिन नाघेमा राष्टिय परिचय पत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसुचि (३) बमोजिम हुनेछ ।<br>(जहाँ व्यक्तिगत घटना दर्ता रु. २००, र व्यक्तिगत घटना दर्ता नक्कल दस्तुर रु.५०० उल्लेख छ ) | | |

नोट : १) विपन्न नागरिकको हकमा छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवी प्रकोप र सामाजिक सुरक्षा भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

**अनुसुचि (१०)**
(दफा ११ संग सम्बन्धित)
**सम्पत्ति मूल्यांकन दस्तुर**

सम्पति मूल्यांकन दस्तूर मुल्यांकन कायम हुन आएको मुल्यको ०.१ प्रतिशतका दरले लिने ।

**अनुसुचि (११)**
(दफा १२संग सम्बन्धित)

**घर निर्माण नक्सा पास दस्तुर**

घर निर्माण नक्सा पास दस्तुर निम्न वमोजिम लिने ।

| | |
|---|---|
| क)खर ,स्लेट,तथा टिनले छाएको घर | रु.५००।०० |
| ख) लेण्टरवाला घर | रु.१०००।०० |

नरबहादुर रावत
गाउँपालिका अध्यक्ष

**अनुसुचि (१२)**

(दफा १३ संग सम्बन्धित)

चार किल्ला प्रमाणित दस्तुरः

चारकिल्ला प्रमाणित सिफारिस दस्तुर रू. ५०० हुनेछ ।

**अनुसुचि (१३)**

(दफा १४संग सम्वन्धित) निवेदन दस्तुरः

कुनै पनि निवेदनहरुमा निवेदन दस्तुर लिईने छैन तर यस गाउपालिकामा कर, दस्तूर, महशूल आदी बूझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु. ५०।०० लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

**अनुसुचि (१४)**

(दफा १५ संग सम्बन्धित)

सरसफाई शूल्क (वार्षिक)

| क.सं. | विवरण | न्युनतम |
|---|---|---|
| १ | आवासिय घर २ तला सम्म | १०० |
| २ | आवासिय घर २ तला माथी | १५० |
| ३ | होटल, लज सहितको व्यवसायिक | १००० |
| ४ | होटल, सानो चिया नास्ता | ३०० |
| ५ | मासु पसल रांगा / खसी | ३०० |
| ६ | मासु पसल कुखुरा | ४०० |
| ७ | सैलुन | १०० |
| ८ | तरकारी, फलफुल | २०० |
| ९ | पान पसल | ५०।०० |
| १० | माछा पसल | १०० |
| ११ | किराना होलसेल पसल | ४०० |
| १२ | किराना खुद्रा पसल | २०० |
| १३ | फेन्सी, मोबाईल, साईवर, कपडा, घडी पसल, चुरा धागो | १०० |
| १४ | सुन पसल | २०० |
| १५ | स्कुल, क्याम्पस सरकारी | २०० |
| १६ | स्कुल, क्याम्पस नीजि होस्टेल सहित | ५०० |
| १७ | स्कुल, क्याम्पस नीजि | ३०० |
| १८ | कार्यालय सरकारी | ३०० |
| १९ | कार्यालय नीजि, संघसंस्था | ४०० |



गाउँपालिका अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय डोगडी,बाजुरा सुदूरपश्चिम प्रदेश,नेपाल

| | | |
|---|---|---|
| २० | उद्योग ठुलो व्यवसायिक | १००० |
| २१ | उद्योग घरेलु, साना छाला जुत्ता, झोला | २०० |
| २२ | धान, च्युरा, तेल मिल आदि | ५०० |
| २३ | फर्निचर उद्योग | ४०० |
| २४ | बस, माइक्रो काउन्टर | २०० |
| २५ | हस्पीटल, पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | १५०० |
| २६ | मेडिकल हल, एग्रो भेट | ५०० |
| २७ | कुखुरा फर्म ठुलो ५०० भन्दा बढी | ६०० |
| २८ | कुखुरा फर्म सानो ५०० भन्दा कम | ३०० |
| २९ | हार्डवयर, भाडा पसल | ३०० |
| ३० | स्टेशनरी पसल | १०० |
| ३१ | कापी उद्योग, छापाखाना | ५०० |
| ३२ | मोटर वर्कशप | १००० |
| ३३ | साईकल, मोटर साईकल वर्कशप | ५०० |
| ३४ | मोटर, मोटर साईकल सोरुम | ३०० |
| ३५ | मेटल वर्कशप, मोटर पार्टस, वर्कशप | ४०० |
| ३६ | टायर रिसोलिङ | १००० |
| ३७ | बैंक | ५०० |
| ३८ | सहकारी संस्था | ३०० |
| ३९ | टेलरिङ पसल | ४०० |
| ४० | टिभि, इलेक्टिक तथा मर्मत पसल | ४०० |
| ४१ | हस्तकला, आर्टस, फ्लेक्स | २०० |
| ४२ | सिनेमा हल, पार्टी प्यालेस, क्याटरिङ | १००० |
| ४३ | दुध डिपो | ३०० |
| ४४ | व्युटी पार्लर | ३०० |
| ४५ | सिलाई मेसिन पसल तथा मर्मत | ३०० |
| ४६ | कुखुरा बाहेक कृषि फर्म | ३०० |
| ४७ | अन्य | ३०० |

**अनुसुचि (१५)**

(दफा १६संग सम्बन्धित)

भाडा

यस गाउपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे बापत प्रति दिन रू.५००।०० भाडा लिई उपलब्ध गराउने ।

**अनुसुचि (१६)**
(दफा १७ संग सम्बन्धित)

## सार्वजनिक शौचालय

नीजि क्षेत्र संग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

**अनुसुचि (१७)**
(दफा १८संग सम्बन्धित)

**विद्युत/टेलिफोन पोल करः**

नेपाल विद्यूत प्राधिकरण र नेपाल टेलिकमको गाउपालिका क्षेत्र भित्र विद्यूत र टेलिफोन प्रसारणको लागि गाडिएको केन्द्रिय प्रसारण पोललाई नियमानुसार करको दायरामा ल्याउन पहल गरिनेछ ।

**अनुसुचि (१८)**
(दफा १९संग सम्बन्धित) जडिबुटी,कवाडि तथा जिवजन्तु करः

जडिबुटी,कवाडी तथा जीवजन्तु कर वार्षिक रूपमा देहायको विषयमा सम्बन्धित व्यवसायीबाट तपशिल बमोजिमको दर अनुसार असुल गरिनेछ ।

| सि.नं. | माल वस्तुको विवरण | ईकाइ | दर (रू) |
|---|---|---|---|
| १ | काँचो छाला | प्रति गोटा | २५ |
| २ | कुखुरा | प्रति गोटा | २ |
| ३ | अलैंची | प्रति केजी | ३ |
| ४ | सुन्तला कागती | प्रति केजी | १ |
| ५ | दाना( रुद्राक्ष) | प्रति केजी | १ |
| ६ | बाखा,भेडा सुगुर | प्रति गोटा | १५ |
| ७ | भैंसी,रांगा,गाई गोरु | प्रति गोटा | ४० |
| ८ | सुगुरको जगर | प्रति तोला | १ |
| ९ | राडी पाखी | प्रति गोटा | १० |
| १० | छुर्पी | प्रति केजी | २ |
| ११ | आलु | प्रति केजी | ०.२५ |
| १२ | घिऊ | प्रति केजी | १० |
| १३ | नास्पाती | प्रति केजी | ०.१० |
| १४ | कुराउनी | प्रति केजी | १० |
| १५ | अन्य तरकारी | प्रति टोकरी | १० |



प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय ढोरपाटन, बागलुङ, प्रदेश नेपाल

| | | | |
|---|---|---|---|
| १६ | नाङ्ला,डाला,कुचो | प्रति गोटा | १ |
| १७ | कुकाठ गोलिया | प्रति क्यूफिट | १ |
| १८ | चिरानी काठ | प्रति क्यूफिट | १४ |
| १९ | अम्रिसो (प्रति किलो १० ) | प्रति ट्रक | १०० |
| २० | वनकस खर वावियो ,लोक्ता पटेर आदि प्रतिकिलो १० ) | प्रति ट्रक | १०० |
| २१ | खोटो | प्रति केजी | ५० |
| २२ | रातोमाटो | प्रति ट्रक | १०० |
| २३ | चियापत्ती | प्रति मिनी ट्रक | ०.३५ |
| २४ | अदुवा | प्रति मिनी ट्रक | १४ |
| २५ | खयर | प्रति क्यूफिट | १०० |
| २६ | दुध | प्रति ट्याक्टर | ५० |
| २७ | लप्सीको वियाँ | प्रति केजी | ०.१० |
| २८ | सुर्तीको डण्ठल करतन | प्रति केजी | ०.१० |
| २९ | सालको वियाँ | प्रति केजी | ०.५० |
| ३० | चिउरीको वियाँ | प्रति केजी | ०.५० |
| ३१ | सिन्कौली (तेजपत्ता) | प्रति केजी | ०.२५ |
| ३२ | नेपाली कागज | प्रति केजी | १ |
| ३३ | अकवरे खुर्सानी | प्रतिकेजी | १ |
| ३४ | अमिलो चुक | प्रति लिटर | ५ |
| ३५ | ढाका टोपी १ दर्जन भन्दा माथी | प्रति गोटा | १ |
| ३६ | सर्ट चौवन्दी ,१ दर्जन भन्दा माथि मात्र | प्रति गोटा | २ |
| ३७ | ढाका साडि, दर्जन भन्दा माथि मात्र | प्रति गोटा | ५ |
| ३८ | ढाका ठुलो पछ्यौरी कुर्ता सुरुवाल दर्जन भन्दा माथि मात्र | प्रति गोटा | ३ |
| ३९ | बाँस | प्रति गोटा | ५०० |
| ४० | चिराईतो | प्रति केजी | २ |
| ४१ | धुपी | प्रति केजी | १ |
| ४२ | डयाग्रे सल्ला | प्रति केजी | ५ |
| ४३ | रिठ्ठा | प्रति केजी | १ |
| ४४ | वन लसुन | प्रति केजी | १ |
| ४५ | गुजरगानो | प्रति केजी | १ |
| ४६ | जडिवुटी नखुलेको | प्रति केजी | १ |

## अनुसुचि (१९)

(दफा २० संग सम्बन्धित)

**व्यवसाय दर्ता शुल्क**

खप्तड छेडेदह गाउँपालिकाले कुनै पनि व्यवसाय दर्ता गर्न कारोवारको सम्भाव्यताको आधारमा देहायबमोजिमको कर लगाइनेछ ।

| **दर्ता दस्तुर** | |
|---|---|
| (क) वार्षिक रु १ लाख सम्म कारोवार भएको | रु १,०००। |
| (ख) वार्षिक रु १ लाख देखि ३ लाख सम्म कारोवार भएको | रु २,०००। |
| (ग) वार्षिक रु ३ लाख देखि ५ लाख सम्म कारोवार भएको | रु ३,०००। |
| (घ) वार्षिक रु ५ लाख भन्दा बढी कारोवार भएको | रु ४५,००। |
| **(ङ) नेपाल सरकारको (घ) वर्गको निर्माण व्यवसायी दर्ता दस्तुर** | **रु.५०००।** |
| • दर्ता नक्कल प्रतिलिपि दस्तुर रु. ५०० हुनेछ । | |

## अनुसुचि (२०)

(दफा २१संग सम्बन्धित) व्यवसाय नविकरण शुल्क

| **नविकरण** | |
|---|---|
| (क) वार्षिक रु १ लाख सम्म कारोवार भएको | रु ३,००। |
| (ख) वार्षिक रु १ लाख देखि ३ लाख सम्म कारोवार भएको | रु ५,००। |
| (ग) वार्षिक रु ३ लाख देखि ५ लाख सम्म कारोवार भएको | रु ८००। |
| (घ) वार्षिक रु ५ लाख भन्दा बढी कारोवार भएको | रु १,०००। |
| • फर्म नविकरण असोज मसान्त सम्म गरिसक्नुपर्ने छ । | |
| • असोज महिना पछि चैत्र मसान्त सम्म प्रति महिना रु. १०० थप रकम तिर्नुपर्ने छ । | |
| • चैत्र मसान्त सम्म पनि नविकरण नभएमा दर्ता खारेज हुनेछ । | |
| **(ङ) नेपाल सरकारको (घ) वर्गको निर्माण व्यवसायी नविकरण शुल्क** | **रु.२५००।** |
| • नविकरण असोज मसान्त सम्म गरिसक्नुपर्ने छ । | |
| • असोज महिना पछि चैत्र मसान्त सम्म प्रति महिना रु. ५०० थप रकम तिर्नुपर्ने छ । | |
| • चैत्र मसान्त सम्म पनि नविकरण नभएमा दर्ता खारेज हुनेछ । | |

## अनुसुचि (२१)

(दफा २२ संग सम्बन्धित)

**प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

गाउँपालिकाले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी को दर देहायबमोजिम निर्धारण गरिनेछ ।

| क.स. | प्राकृतिक स्रोतको विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | ढुंगा, | प्रति चट्टा | रु. ५० | |
| २. | वालुवा, गिट्टी | प्रति टराली | रु १००। | |
| ३. | माटो (भरौट र वलौटे ) | प्रति टराली | रु.२०। | |
| ४. | वन पैदावर काठ दस्तुर | पति एकाई | रु.५ | |

गाउँपालिका अध्यक्ष

खप्तड छेडेदह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल